आज मिति २०७८।१०।२२ गतेका दिन यस सरूमारानी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक (बैठक नं. १५) यस गाउँपालिकाका अध्यक्ष श्री झगा बहादुर विश्वकर्माको अध्यक्षतामा बसी तपसील बमोजिमका निर्णयहरु गरियो।

तपसील

| | | |
|---|---|---|
| १. श्री झगा बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २. श्री मीना कुमारी सोमै | उपाध्यक्ष | |
| ३. श्री बसन्त बहादुर जि.सी. | २ नं. वडा अध्यक्ष | |
| ४. श्री चिन्ना बहादुर सोमै | ४ नं. वडा | ,, |
| ५. श्री भिम बहादुर मर्साङ्गी | ३ नं. ,, | ,, |
| ६. श्री तुल बहादुर रोका | ६ नं. ,, | ,, |
| ७. श्री मुकुन्दराज शर्मा | १ नं. ,, | ,, |
| ८. श्री सन्त बहादुर बराल मगर | ५ नं. ,, | ,, |
| ९. श्री मोहम्मद हलिम हलुवाइ | कार्यपालिका सदस्य | |
| १०. श्री टंक प्रसाद सुनार | ,, | ,, |
| ११. श्री सुशिला के.एम. | ,, | ,, |
| १२. श्री चन्द्रिमा थापा | ,, | ,, |
| १३. श्री जिवा सुनार | ,, | ,, |
| १४. श्री खिमा सुवेदी | ,, | ,, |
| १५. श्री शारदा रजौरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

१. मोहम्मद बशिर आलम – लेखापाल
२. मनि बहादुर गुरुङ – रा.सु.
३. धन बहादुर राना – का.स.

सरूमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. १ः योजना अनुगमन समिति गठन सम्बन्धमा।

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँ-पालिका भित्र संचालन र सम्पन्न हुने योजनाहरुको अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय योजना अनुगमन समिति गठन गर्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| गाउँपालिका उपाध्यक्ष | – | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | – | सदस्य |
| प्राविधिक शाखाको कर्मचारी १जना | – | सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | – | सदस्य |
| उद्योग वाणिज्य संघको प्रतिनिधि | – | सदस्य |
| योजना शाखाको प्रमुख | – | सदस्य सचिव |

साथै योजना अनुगमन गर्न जाँदा गाउँपालिका अध्यक्ष, आर्थिक प्रशासन शाखा प्रमुख, कार्यपालिका सदस्य र पत्रकार महासंघ प्यूठानको प्रतिनिधिलाई पनि आमन्त्रण गरिनेछ।

प्रस्ताव नं.२. योजनाको अनुगमन सम्बन्धमा।

निर्णय नं.२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका भित्र सम्पन्न हुने योजनाहरुमध्य रु. ५लाख वा सो भन्दा माथिका योजनाहरुको अनुगमन गाउँपालिकास्तरीय योजना अनुगमन समितिले पनि गर्नैपर्ने र रु.५ लाख भन्दा मुनिका योजनाहरुको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिले पनि गर्नसक्नेछ भन्ने सर्वसम्मत निर्णय गरियो। साथै वडाभित्र सम्पन्न हुने सम्पूर्ण वडास्तरीय योजनाहरुको अनुगमन वडास्तरीय योजना अनुगमन समितिबाट गर्नैपर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं.३. आन्तरिक आम्दानी दाखिला सम्बन्धमा।

निर्णय नं.३. प्रस्ताव नं.३ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका भित्र बैंकिङ सुविधा नभएको, सबै वडा कार्यालयहरुमा वडा सचिवको व्यवस्था नभएको र प्रत्येक वडाबाट आन्तरिक आम्दानि दैनिक रुपमा जम्मा गर्न प्यूठान, बिजुवारस्थित यस गाउँपालिकाको संचित कोष भएको नेपाल बैंक लिमिटेडमा आउन भौगोलिक कठीनाइ समेत भएको हुँदा यस सरुमारानी गाउँपालिकाका सम्पूर्ण वडाहरुले प्रत्येक महिनाको ७(सात) गतेसम्म आन्तरिक आम्दानी बैंकमा दाखिला गर्नुपर्ने सर्वसम्मत निर्णय गरियो।

२०७८।१०।१९

भग बहादुर ... गाउँपालिका अध्यक्ष

प्रस्ताव नं ४. गाउँ शिक्षा समितिका सदस्य मनोनित सम्बन्धमा।
निर्णय नं.४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा गाउँ शिक्षा समिति गठनको लागि देहाय बमोजिम का सदस्यहरु मनोनित गर्ने सर्वसम्मत निर्णय गरियो।

श्री मिन्दु कुमार गुरुङ - सदस्य
श्री सुशिला के.एम. - सदस्य
श्री योग कुमार पाण्डे - प्रधान अध्यापक (जनता मा.वि. बड्डाडा)
श्री गीता पोख्रेल - " " (कालिका प्रा.वि. खैरबारी)

प्रस्ताव नं. ५. आर्थिक सहयोग सम्बन्धमा।
निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिकामा बसोबास गर्ने तपसील बमोजिमका विपन्न, असहाय र दीर्घरोगी व्यक्तिहरुलाई देहाय बमोजिमका कोषहरुबाट देहाय बमोजिमको सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तपसील

(क) सरुमारानी - ३ बस्ने मदन कुमार रानामगरलाई विपन्न - असहाय कोषबाट रु.५०००।- विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।
(ख) सरुमारानी - ४ बस्ने खड्क बहादुर थापालाई दीर्घरोग स्वास्थ्य - कोषबाट रु.१००००।- विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।
(ग) सरुमारानी - १ बस्ने बसिरन मियालाई दीर्घरोग स्वास्थ्य कोष - बाट रु.२०,०००।- विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।
(घ) सरुमारानी गाउँपालिकाको आयोजना र नेरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारको प्राविधिक सहयोगमा मिति २०७८।१०।१३ मा बड्डाडामा सञ्चालन भएको आँखा शिविरबाट यस गाउँपालिकावासीहरुलाई मिति २०७८।११।६ र १० गते नेरेन्द्र गायत्री आँखा अस्पताल बिजुवारमा हुने आँखा अप्रेसन शिविरमा अप्रेसन र थप जाँच तथा उपचारका लागि बिरामीहरुलाई शिविरमा पठाउने व्यवस्था गर्नको लागि रु.३००००।- ~~अन्य~~ औषधि उपचार खर्च शिर्षकबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

२०७८।१०।१९

भग बहादुर निरौला
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुमारानी, प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner